# आप्रवासीहरुका लागि स्वास्थ संगठन र नीतिहरुमा भाग लिनको लागि दिशानिर्देशन।



GUIA PARA A PARTICIPAÇÃO MIGRANTE NAS POLÍTICAS E ENTIDADES DE SAÚDE | NEPALI

कार्यमा जानकारी (“Informa em Ação”) परियोजना प्रवासीको लागि राष्ट्रिय स्वस्थ सेवामा अझ राम्रो पहुँच प्रबन्ध गर्नका लागि साथै यस परियोजनाको प्रभावकारिता सुधार गर्नका लागि जानकारी भेला तथा संकलन, विभिन्न पृष्ठभूमि र उत्पतिबाट आएका व्यक्तिहरुको अवधारणामा केन्द्रित गरी विकास गरिएको हो।यी व्यक्तिहरु र राष्ट्रिय स्वस्थ सेवा पेशेवरहरु एक प्रक्रियामा संलग्न भई संस्कृतिक मध्यस्थता र संवाद उपकरणहरु प्रयोग गरेर विभिन्न संस्कृतिक फ्रेम्वोर्क तैयार गरियो।
यस परियोजनाको औपचारिक पार्टनर GAT - Grupo de Ativistas em Tratamentos हो र गैर- औपचारिक साझेदारहरु ACeS Lisboa Central (केन्द्रिय लिस्बन स्वस्थ एकाई समूह) र GABIP Almirante Reis (लिस्बन नगरपालिका, आगा खान फाउन्देशन पोर्तुगल र आरोइस इलाकाद्वारा )प्रचारित हुन्। साझेदार र समुदाय समूहहरु द्वारा अनुवाद गरिएको, जसले यस उत्पादनको लागि निम्न भाषाहरु अंग्रेजी, चिनिया, नेपाली, पोर्तुगाली, फ्रान्सेली र बंगलिको विकास प्रक्रियामा सक्रिय रुपमा भाग लिए।

**प्रचारित द्वारा :**

**साझेदारहरु :**

**विकासित द्वारा :**

**आर्थिक सहयोगार्थ :**

**अनुवादित र मध्यस्थता द्वारा :**

Manisha Jaiswal मनिषा जैसवाल **नेपाली**
Mehejabin Chowdhury Shejuthi **बंगाली**
Valérie de Mira Godinho **फ्रेन्च**
Wu Yanli **चिनियाँ**

**नोवेम्बर २०१८ देखि मार्च २०२० मा लेखिएको र सम्पादन गरिएको।**

डिजाईन: acorlaranja

# A. भाग किन लिने ?

नागरिकता अभ्यासको स्वास्थ नीतिका परिभाषा, अनुगमन र मुल्यांकन पनि गर्न सकिन्छ।

स्वास्थ नीतिहरुको सुधार बारे आफ्नो अनुभवको योगदान गर्न महत्वपूर्ण छ। उदाहरणको लागि युरोपमा उपलब्द औषधिको खुराक प्राय जापानको भन्दा धेरै छ- हुन सक्छ जापानिज वंशका मानिसहरुले कम खुराकको औषधि उत्पादन गर्न औषधि नियमित गर्ने इकाईमा निवेदन दिन चाहन्छन् (जुन जापानिज व्यक्तिहरुका लागि र जापानिज जस्तै शारीरिक बनोटका व्यक्ति र / अथवा बच्चाहरुका लागि उपयुक्त हुन्छ)। कुनै औषधिहरुले केहि जडिबुटी चियासँग प्रतिक्रिया गर्दछन् - हुन सक्छ ती व्यक्तिहरुले आफूले लिने पेय पदार्थले हुने प्रभावको बारेमा रिपोर्ट गर्न चाहन्छन्।

अथवा हुनसक्छ मानिसहरुको संस्कृतिमा स्वास्थ सेवाहरुको लागि कुनै अपूर्व आवश्यकता छ जुन उचित इकाईद्वारा सम्बोधन गर्नु पर्छ।



**यी योगदान अधिक विशिष्ट वा अधिक सामान्य हुन सक्छ।**

- मानिसको विशिष्ट विशेषताहरु (संवेदी, शारीरिक, भाषिक, सांस्कृतिक, आदि ) कसरी व्यवहार गर्न सकिन्छ?
- विभित्र परम्पराको बारेमा कसैलाई दबाव नदिएर अनुकूलित तरिकाले अपनाउन सकिन्छ?
- राष्ट्रिय स्वास्थ सेवा (“Serviço Nacional de Saúde - SNS” ) भित्र कसरी बिरामी सेवाको ग्यारेन्टी हुन सक्छ?
- स्वास्थ नीति मूल्यांकनको बारेमा जानकारीको प्रसारको ग्यारेन्टी गर्न कसरी सकिन्छ?
- कसरी सबै नीतिहरुमा स्वास्थ लागु गर्न सकिन्छ ?

इत्यादी।

**पोर्तुगलको बारेमा केहि महत्वपुर्ण जानकारी :**

- ACES : स्वास्थ केन्द्रहरुको साझा बोर्डको समूह ।
- डीक्रितो -लिं (Decreto-Lei): कानून जुन क्याबिनेट / सरकारद्वारा जारी गरिन्छ।
- लिं (Lei): कानून जून संसदले जारी गर्दछ।

## B. मार्गदर्शन सिद्धान्तहरु

धारा ६४, पोर्तुगाली गणतन्त्रको संबिधानले यसलाई यस प्रकार स्थापित गर्दछ "सबैले आफ्नो स्वस्थको संरक्षण गर्ने अधिकार छ र स्वास्थ सेवाको व्यवस्थापन विकेन्द्रीकृत र सहभागितामयी हुनेछ। यो कुरा स्वास्थ सम्बन्धि मौलिक कानूनको सिद्धान्त २० मा लेखिएको छ। ("Lei de Bases da Saúde -LBS")।

**महत्वपुर्ण कुरा :** स्वस्थको मौलिक कानून - कानून नं ९५/२०१९

कानून नं १०८/२०१९ स्वास्थमा सार्वजनिक सहभागिताको लागि बडापत्रलाई स्वीकृत गरिएको (“Carta para a Participação Pública em Saúde” ) र यो कसरी प्रचार, कार्यनयन र मुल्यांकन गर्न सकिन्छ । यो कानून अझै कार्यनयन हुनकोलागि विशेष नियमहरूको प्रतीक्षामा छ। यो सामूदाय आधारित प्रक्रिया पछि पारित भएको हो जून चार वर्ष अगाडी सुरु भएको हो।



# C. सहभागिताका लागि अवसरहरु

## 1. जानकारी, सुझाव, प्रशंसा र उजूरीकालागि अनुरोध




एक व्यक्तिगत आधारमा वा संघहरु मार्फत सहभागितामा "साधाहरण" कार्यहरु समावेश गर्दछ जस्तै जानकारी अनुरोध गर्नु, सुझावहरु दिन, सेवाहरु वा कर्मचारी सदस्यहरुको प्रशंसा गर्ने वा गुनासोहरु उजूरी गर्ने जस्ता ।

प्रशंसा र गुनासोहरु व्यक्तिगत रुपमा उजूरी पुस्तकमा लेखेर दिन सकिन्छ ("Livro de Reclamações") (सरकारी सेवाहरुमा पहेलो किताब ) अथवा स्वास्थ नियमन प्राधिकरनको वेबसाइटमा उपलब्द अनलाइन फारम प्रयोग गर्न सकिन्छ ("Entidade Reguladora da Saúde - ERS") [*www.ers.pt*].

**ERS को साथै, निम्न राष्ट्रिय निकायहरुलाई पनि सम्पर्क गर्न सकिन्छ:**

- क्षेत्रीय स्वास्थमा कानूनी मामिला र क्षेत्रीय स्वास्थ प्रशासनको नागरिकको कार्यालय,
- प्राथमिक स्वास्थ सेवाका लागि स्वास्थ केन्द्रहरुको समूहको नागरिकको कार्यालय (ACES),
- अस्पताल हेरचाहको सम्बन्धमा अस्पतालहरुका लागि नागरिकहरुको कार्यालय.

**महत्वपुर्ण कुरा:**

तपाईले प्रशासनिक कागजातहरुमा पहुँच कानून अन्तर्गत सक्छम अधिकारीहरुबाट प्रशासनिक र वातावरनिय जानकारी अनुरोध गर्न सक्नुहुन्छ ("Lei de Acesso aos Documentos Administrativos"), कानून नं २६/२०१६। यदि तपाइको अनुरोधको उत्तर आएन अथवा यो कानून उल्लङ्घन गरिएको छ भने, प्रशासनिक कागजातको आयोगमा गुनासो दर्ता गर्न सकिन्छ ("Comissão de Acesso aos Documentos Administrativos"), यो पोर्तुगाली संसदमा संचालित स्वतन्त्र निकाय हो।

## 2. सार्वजनिक परामर्श

केन्द्रिय र स्थानीय प्रशासनहरु नियमित रुपमा सार्वजनिक परामर्शका लागि नियम, दिशानिर्देशन र अन्य उपकरणहरुको दायरा प्रदान गर्दछ। परामर्श वा सार्वजनिक सुनवाइ अवधिको समयमा कुनै पनि व्यक्ति वा संस्थाले कागजात अध्यन गर्न र योगदान पठाउन सक्दछन्। सबै योगदानहरु मान्य प्रस्तावित संशोधनहरु देखि टिप्पणीहरु हुन , जुन निश्चित अभिमुखीकरणलाई समर्थन गर्दछ।

**यी कागजातहरुका केहि उदाहरणहरु निम्न प्रकार छन्:**

- राष्ट्रिय स्वास्थ योजना र विषयगत प्राथमिक कार्यक्रमहरु,
- क्षेत्रीय स्वास्थ योजनाहरु ,
- स्थानीय स्वास्थ योजनाहरु ,
- अधिकार पत्र (Charters), रणनीति, योजना र स्वास्थको बारेमा अन्य कार्य योजना उपकरणहरु।

सहभागिता सामान्यता लिखित रुपमा र इमेल मार्फत गरिन्छ, र सर्तहरुको ग्यारन्टी हुनुपर्दछ, विभिन्न व्यक्तिगत आवश्कताहरुलाई ध्यानमा राख्दै धेरै भन्दा धेरै व्यक्तिको समावेशी सहभागिता हुनु पर्दछ।



## 3. पोर्तुगाली संसदीय समिति र समूहद्वारा सार्वजनिक सुनुवाई

(Assembleia da República) पोर्तुगाली गणतन्त्रको निकाय हो जसमा कानून बनाउने अधिकार छ र केहि मामिलामा त्यो छ्यमता सरकारलाई सुम्पिदिन्छ (यद्दपि सरकारले निरिक्छन गरेको सेवाहरुको संगठनमा केहि मामिलाहरु समावेश भए पनि, कानून र नियमहरु सरकारले मात्र सिर्जना गर्न सक्छ)। आफ्नो कामलाई सुचारु गर्न संसदलाई समिति र विषयगत कार्य समूहमा व्यवस्थित गरिएको छ।

समितिहरु अस्थायी हुन सक्छन् (जब एक समय रेखा र/ वा विशिष्ट उद्देश्यहरु हुन्छन्) वा स्थायी समिति हुँदा। स्थायी समितिहरु प्रत्येक निर्वाचन पछि गठन हुन्छन् र ती संसदको सम्पूर्ण अवधिको लागि हुन्छन्, स्वास्थ समितिलाई सधै समावेश गरिएको हुन्छ। कार्य समूहहरुसंग अधिक विशिष्ट विषयवस्तुहरु हुन्छ र व्यवस्थापिकाको अन्त्य हुनु अघि उनीहरुको अभियान पूरा भइसकेको अवस्थामा बन्द हुन सक्छ।

संसदमा यी आन्तरिक संगठन संरचनाहरु साथै प्रत्येक पार्टीका लागि संसदीय समूह पनि छन् जसले दुई वा बडी प्रतिनिधिसभा चुनेका छन्।

समिति, कार्य समूह र संसदीय समूहले सार्वजनिक सुनुवाईको आयोजना गर्न सक्दछन्। तिनीहरु सामान्यता विशेष निकायहरु र व्यक्तिहरुलाई निश्चित शिर्षकमा सुत्र आमान्त्रित गर्छन् र सुनुवाई कुनै पनि संघ द्वारा सहभागिताको लागि खुल्ला हुन्छ। यद्दपि व्यक्तिगत रुपमा भाग लिने मान्छे सायद नै हुन्छ।

**अधिक जानकारीको लागि, संसदको वेबसाइटमा सम्पर्क गर्नु होला**

- [*www.parlamento.pt*]





## 4. विशिष्ट कार्यको लागि कार्य समूहहरु द्वारा सुनुवाईमा सहभागिता

त्यहाँ विशिष्ट औपचारिक सहभागिता रिक्त स्थानहरु छन् जून एक विशिष्ट कार्यको लागि स्थापित कार्य समूह संग सम्बन्धित छ। जब कार्य पूरा हुन्छ, कार्य समूह बन्द गरिन्छ। प्राय यी समूहहरुमा स्वास्थ सेवा प्रयोग गर्ने व्यक्तिहरुका प्रतिनिधिहरु सामेल हुन्छन्।

**यस प्रकारका कार्य समूहका केहि उदाहरणहरु :**

- राष्ट्रिय स्वास्थ योजनाका लागि सल्लाकार समिति (“Plano Nacional de Saúde - PNS”) २०२१-२०३०,
- राष्ट्रिय स्वास्थ सेवामा स्वास्थ सेवाका लागि पहुँच प्रबन्ध प्रणालीहरुको मुल्यांकन गर्न स्वतन्त्र प्राविधिक समूह।



# 5. राष्ट्रिय निकायहरुको लागि सल्लाकार समिति

## 5.1 राष्ट्रिय स्वास्थ बोर्ड (“CONSELHO NACIONAL DE SAÚDE –CNS”)

स्वास्थ सम्बन्धि वर्तमान मौलिक कानूनले "राष्ट्रिय स्वास्थ बोर्ड एक स्वतन्त्र सहभागितामूलक संस्था हो जसले स्वास्थ नीति स्थापना गर्न सरकारलाई सल्लाकारको भूमिका खेल्छ र स्वास्थ प्रणालीको संचालनमा सरोकारवालाहरुलाई प्रतिनिधित्व गर्दछ"।

CNS को कामकाजी डीक्री-कानून (“Decreto Lei”) मा परिभाषित छ नं ४९/२०१६। यसमा ६० सदस्यहरु छन्, जसमध्ये ६ (२०%) प्रयोगकर्ताका प्रतिनिधिहरु हुन्, जुन पोर्तुगाली संसदले पूर्ण बहुमतमा संसदहरुको निर्वाचनमा बिरामीको संगठन सहित चुनेका हुन्छन।

हाल, CNS मा प्रयोगकर्ताहरु प्रतिनिधित्व गर्ने सबै व्यक्तिहरु त्यहाँ रोग भएका मानिसहरुलाई प्रतिनिधित्व गर्ने संघहरुको तर्फबाट छन्।

यसको आफ्नै पहलमा वा सरकार वा संसदले अनुरोध गरेको बेला CNS "स्वास्थ नीतिसँग सम्बन्धित बिषयहरुमा राय र सिफारिस विचार गर्न र जारी गर्न" जिम्मेवार हुन्छ, यसमा राष्ट्रिय स्वास्थ योजना र स्वास्थको विभिन्न छेत्रमा अनुसन्धान र नवीनता समावेश छ। स्वास्थ नीतिमा विश्लेषण र सार्वजनिक बहसलाई प्रोत्साहित गर्नका लागि अन्य कर्तब्यहरुका साथै जिम्मेवार पनि छ।

CNS ले अनुरोध गर्न सक्दछ कि कुनै पनि सार्वजनिक वा निजी निकायले आफ्नो लक्ष्य पूरा गर्न अपरिहार्य तत्वहरु प्रदान गर्दछ, र यी निकायहरुले उनीहरुबाट अनुरोध गरिएको सबै समर्थन प्रदान गर्दछ।



## 5.2 औषधि, लागु औषध लत र हानिकारक मदिरा सेवन सम्बन्धि समस्याहरुको लागि राष्ट्रिय बोर्ड

डीक्री- कानून (“Decreto-Lei”) द्वारा बनाईएको १/२००३ (संशोधित द्वारा डीक्री- कानून (“Decreto-Lei”) नं ४०/२०१०) यो राष्ट्रिय बोर्ड "लागु औषध , लागु औषधको दुरुप्रयोग र हानिकारक खपत सम्बन्धि नीतिमा प्रधानमन्त्री र सरकारको सल्लाहकार निकाय हो। मदिरा र यी मामिलाहरुको लागि कार्यक्रमहरुमा मुख्य उपकरणहरु परिभाषित गर्न र कार्यन्वयन गर्नका साथै प्रधानमन्त्री वा सरकारका सदस्यहरुले लागु औषध सम्बन्धि नीति समन्वयका लागि जिम्मेवार भएकोमा पेश गरेको कुनै पनि मामिलामा जिम्मेवार छ।

यस बोर्डमा भाग लिने एक संस्थाको माध्यमबाट मात्र यसलाई गठन गरिन्छ र यसको संरचना निश्चित छन् ।

## 5.3 केन्द्रिय प्रशासनको निकायका लागि सल्लाकार बोर्ड

केन्द्रिय प्रशासनका धेरै निकायसंग सल्लाकार बोर्डहरु छन्। यी बोर्डहरुले उनीहरुलाई तोकिएका कर्तव्यहरु राम्रोसंग सम्पादन गर्नको लागि योगदान प्रदान गर्दछ, किनकि उनीहरुको व्यवस्थापन बोर्ड र प्राविधिक स्टाफले राखेका जानकारी स्वस्थ सेवाका प्रयोगकर्ताको हैसियतमा परामर्श बोर्डले संकलन गर्न सक्ने विभिन्न प्रकारका अनुभवहरु छैनन्। जसमा बिरामीहरु, बिना उपभोक्ताहरु र सामान्य रुपमा स्वस्थ सेवाको प्रयोगकर्ताहरुको प्रतिनिधित्व गर्ने संघहरुका प्रतिनिधिहरु समावेश छन्।

**सल्लाहकार बोर्ड भएका निकायका उदाहरण :**

- राष्ट्रिय औषधि र स्वास्थ उत्पादन प्राधिकरण (“Autoridade Nacional do Medi-camento e Produtos de Saúde, I. P.- INFARMED”), र
- स्वास्थ नियामक निकाय

सबै राष्ट्रिय क्षेत्रगत निकायहरु जसले स्वास्थ क्षेत्रमा काम गर्छन्; सल्लाहकार बोर्डहरु हुनुपर्दछ ।

## 6. स्वास्थ केन्द्रहरु (ACES ) को समूहहरुको लागि सामुदायिक बोर्डहरु

१९७१ मा सार्वजनिक स्वास्थ सेवाको पुनर्गठित भयो। १९९९ को सुधार कार्यमा स्वास्थ केन्द्रहरुमा नागरिकको सहभागिता औपचारिक बनाउने निकाय -सल्लाहकार बोर्ड गठन गरिएको थियो जुन २००३ मा कायम गरियो । डीक्री- कानून (“DecretoLei”) नं २८/२००८ ले स्वास्थ केन्द्रहरुको सल्लाहकार बोर्डलाई स्वास्थ केन्द्रहरुको समूहको लागि सामुदायिक बोर्ड (“Agrupamento de Centros de Saúde -ACES”) संग प्रतिस्थापन गरियो र सम्पूर्ण देशका लागि बोर्डको संरचना समान तरिकाले बनाइयो।

नागरिकका अन्य कम वा कम प्रत्यक्ष प्रतिनिधिहरु मध्ये प्रत्येक समुदाय बोर्डले प्रश्नमा रहेका ACES का प्रयोगकर्ताहरुको प्रतिनिधि पनि सामेल गर्दछ।

सामुदायिक बोर्डको अध्यक्षता गर्ने व्यक्ति, जुन सधैँ ACES संचालित क्षेत्रको नगरपालिका परिषदहरुले संकेत गर्दछ, ACES को कार्यकारी बोर्डमा पनि हुन्छ।

सामुदायिक बोर्ड कम्तिमा प्रत्येक ६ महिनामा एक पटक भेट्नु पर्छ।

## 7. अस्पतालहरु र स्थानीय इकाईहरुको लागि सल्लाहकार बोर्डहरु

सल्लाहकार बोर्डहरु SNS मा अस्पतालको संगठन फ्रेम्वोर्कको हिस्सा हुन् -डीक्री कानून (“DecretoLei”) नं १८/२०१७, प्रदान गरियो कि तिनीहरु सार्वजनिक व्यवसायका निकायहरु हुन्; अर्को शब्दमा, निजी- व्यवस्थित सार्वजनिक अस्पतालहरु (सार्वजनिक-निजी साझेदारी अस्पतालहरु ) यसमा समाबेश गरिएको छैन।

परामर्श बोर्डमा एक "प्रयोगकर्ताहरुको प्रतिनिधि, संघ वा समान प्रतिनिधित्व संरचना द्वारा नियुक्त " समाबेश गर्दछ।

ACES को सामुदायिक बोर्डका अस्पतालको सल्लाहकार बोर्डहरु कम्तिमा प्रत्येक ६ महिनामा एक पटक भेट्नु पर्छ।



## 8. स्वास्थको लागि नैतिक समिति

डीक्री -कानून (“Decreto-Lei”) नं ८०/२०१८ ले सिद्वान्त र नियमहरु स्थापना गर्दछ जुन नैतिकता समितिको गठन, प्रतिस्पर्धा र कार्यको लागि लागू हुन्छ जसले सार्वजनिक , निजी र सामाजिक क्षेत्रहरुमा स्वास्थ संस्था भित्र काम गर्दछ, साथै उच्च शिक्षा संस्थाहरुमा क्लिनिकल अनुसन्धान गर्दछ र जैविक चिकित्सा अनुसन्धान केन्द्रहरु जसले क्लिनिकल अनुसन्धान गर्दछ।

समितिमा ५ देखि ११ सदस्यहरु सम्मिलित हुन्छन् (सधैँ बेजोड संख्या ) र कम्तिमा एक सदस्य समुदायबाट चुनिएको हुनुपर्दछ। सम्बोधन गरिएको विषयहरुमा निर्भर भएमा समितिको समुदायका सदस्यहरु हुनसक्ने अन्य विशेषज्ञहरुबाट सहयोग माग्न सक्दछन्।

## 9. औपचारिक सहभागिताको अन्य रुपहरु

सबै व्यक्तिले अन्य तरिका बाट भाग लिन सक्दछन्, जस्तै नागरिकको विधायी पहल (संविधानको धारा १६७, कानून नं १७/२००३ द्वारा विनियमित), स्थानीय निकायलाई दिएको निवेदनहरु, राज्यलाई रिपोर्ट अभियोजक, नागरिक कानूनी कारवाही, आदि।

कानून नं ४४/२००५ ले विशेष अधिकारहरुको आनन्द लिने स्वास्थ प्रयोगकर्ताहरुको रक्षा गर्ने संघहरुको फ्रेमवर्क प्रदान गर्दछ।


केन्द्रिय प्रशासनको केहि प्रतिस्पर्धालाई नगरपालिकामा स्थानान्तरण गरेपछि हामी स्वतन्त्र नागरिक मतदाताहरुको समूहबाट उम्मेदारहरु (र, यदि निर्वाचित भएमा, जनादेशको अभ्यास) मार्फत स्थानीय नीतिमा सहभागिता बढेको देख्न सक्छौं, जसको घोषणापत्र विशेष गरि सम्बन्धित विषयहरुमा स्वास्थको लागि सार्वजनिक नीति केन्द्रित छ।



पोर्तुगलमा सार्वजनिक स्वास्थ क्षेत्रहरुको दायरामा भाग लिनको लागि सामान्य, स्थानीय र राष्ट्रपति चुनावमा मतदान गर्नु महत्वपूर्ण योगदान हो!

पोर्तुगलमा वैध निवास कागजात भएका केहि आप्रावासीहरुले मतदान गर्न सक्दछन्। सबै अधिकारका लागि राजनीतिक अधिकार एक समान छैन। प्रत्येक प्रकारको चुनाव र मूल देशको लागि विभिन्न सर्तहरुको बारेमा पत्ता लगाउनुहोस। गैर पोर्तुगाली व्यक्तिहरुका लागि मतदाता नामावलीमा दर्ता स्वचालित हुँदैन।

**थप जानकारी मतदाता पोर्टल "Portal do Eleitor"** [*www.portaldoeleitor.pt*] **मा उपलब्ध छ।**






## 10. अप्रत्यक्ष सहभागिता

सहभागिता कार्यको अन्य मुख्य क्षेत्रहरुसंगको संघ मार्फत हुन सक्छ -चाहे युवा व्यक्तिहरुमा स्वास्थ साक्षरता बडाउनका लागि उपायहरु कार्यन्वयन गरेर, उदाहरणका लागि , वा समावेशी, पहुँच योग्य भाषाको प्रयोगलाई प्रोत्साहित गरेर (पारस्परिक संचार र सूचना सामग्रीहरुमा )।

स्वास्थ नीतिमा प्रभावको साथ सहभागिताको अर्को थप हालसालको साइबरको सुरक्षाको लागि शिक्षाको प्रबन्ध हो। जब अधिक स्वास्थ अनुप्रयोगहरु छन्, अधिक मेडिकल उपकरणहरु इन्टरनेटमा जडान भएका छन् र व्यक्तिगत डाटा (स्वास्थ डाटा सहित) को अधिक रजिस्टरहरु सुरक्षित गर्न, र त्यहाँ नयाँ घटनाहरु छन् जसले स्वास्थमा प्रभाव पर्दछ, विशेष गरि सामाजिक र मानसिक स्वास्थ (साइबर अपराध, डोक्सिंग, इन्टरनेटमा यौन घनिष्टताको जोखिम र अन्य डिजिटल अपराध )।

स्वास्थ नीतिको परिभाषामा सक्रियताको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव हुन्छ। सक्रियता आन्दोलनहरु मार्फत लागू हुन्छन् जसले लागु औषध , यौनकर्मी, अपराधको शिकार हुने मानिस वा आप्रवासी मानिस र शरणार्थीहरुको अधिकारको रक्षा गर्दछ।

### परिभाषा:

**साइबर अपराध :** यो इन्टरनेट वा अन्य सम्बन्धित प्रविधि मार्फत कसैको विरुद्ध हिंसाको प्रकार हो। यसको मतलब इन्टरनेटको दुनियामा कुनै व्यक्तिलाई डराउने वा आक्रमण गर्ने हो।

**डोक्सिंग :** डोक्सिंग भनेको कुनै व्यक्तिको निजी डाटा प्राप्त गरेर यसलाई इन्टरनेटमा सार्वजनिक बनाउनु हो। यो प्राय: उत्पीडनको साथ सामेल हुन्छ।





**राष्ट्रिय स्वास्थ सेवा "SERVIÇO NACIONAL DE SAÚDE"** भित्र आप्रवासीहरुका लागि स्वास्थ सेवाको बारेमा जानकारी जुन पोर्तुगाली भाषामा छ, निम्र वेबसाइट मार्फत हेर्न सक्नु हुन्छ।

www.sns.gov.pt | www.dgs.pt | www.acss.min-saude.pt | www.ers.pt